मैवाखोला गाउँपालिका

# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्डः (१) साँघु, ताप्लेजुङ, भाद्र महिना ६ गते २०७९ साल (संख्या १(क))

भाग -२

मैवाखोला गाउँपालिका

मैवाखोला गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई सर्वसाधारणको लागि जानकारीका लागि मैवाखोला राजपत्रमा प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०५।०६**

**राजपत्रमा प्रकाशित मितिः२०७९।०५।०८**

आज्ञाले,

लक्ष्मीमाया गोम्देन

नि. प्रमुख प्रशासकीय अधिकृत

**मैवाखोला गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

**प्रस्तावना**

विपद्को दृष्टिकोणबाट नेपाल संसारकै संवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणालीले कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायुजन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल, आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपद्बाट जीउधन माथि भएको क्षति त छँदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि मैवाखोला गाउँपालिकाको गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा १२ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापन कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखिएकोले गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा २७ प्रयोग गरी विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७९ लागु गरिएको छ ।

# प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम मैवाखोला गाउँपालिकाको **विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७९,** रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(१) “विपद् व्यवस्थापन कोष” भन्नाले **विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि** २०७९ बमोजिम मैवाखोला गाउँपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(२) “कार्यविधि ”भन्नाले मैवाखोला गाँउपालिकाको **विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७९,** लाई बुझाउने छ ।

(३) “व्यवस्थापन कोष सञ्चालन समिति ” भन्नाले **विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०७९** को दफा (३) को उपदफा (१) बमोजिम को सञ्चालन समितिलाई बुझाउँछ ।

(४) “गा.पा.” भन्नाले मैवाखोला गाउँपालिकाको कार्यालय, साँघु ताप्लेजुङलाई जनाउँछ ।

(५) “विपद्” भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशु चौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(६) “प्राकृतिक विपद् ”भन्नाले बाढी,अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प ,ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(७) “गैर प्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, सडक दुर्घटना, विद्युतीय करेण्ट दुर्घटना आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना लगायत अन्य दुर्घटना आदिलाई सम्झनु पर्छ ।
(तर, गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(८) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(९) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण सँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(१०) “पूर्व तयारी” भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

**३) विपद् व्यवस्थापन  कोष सञ्चालन  समिति**

(१) विपद्  व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष  – संयोजक

(ख) गाँउपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ)वन वातावरण तथा विपद् व्यावस्थापन समितिको संयोजक- सदस्य

(ङ) शसस्त्र प्रहरी बेस क्याम्प प्रमुख वा प्रतिनिधि : सदस्य

(च) साँघु प्रहरी चौकी प्रमुख वा प्रतिनिधि : सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख : सदस्य

(ज) बन ,वातावरण तथा विपद् व्यवस्थापन शाखा हेर्ने शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता परेमा विपद् व्यवस्थापन कोष सञ्चालन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(२) विपद् व्यवस्थापन कोष सञ्चालन  समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका सञ्चालनको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यकम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाउँपालिकालाई सिफारिस गर्ने ।

**४) समितिको बैठक**

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालीन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

**५) कोषको स्थापना र सञ्चालन**

(१) यस गाउँपालिकाको कोषमा गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ अनुसार देहायका रकम जम्मा गरिनेछ ।

(क) मैवाखोला गा.पा.बाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

ग) प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग ।

(घ) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(ङ) अन्य स्रोत

(२) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(३) लेखा परीक्षणः यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।

**६) उद्धार तयारी व्यवस्थापन :**

(१) विपद्को जोखिममा रहेको क्षेत्रको पहिचान तथा वैकल्पिक व्यवस्था गर्ने ।

(२) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छिटो छरितो व्यवस्थाका लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(३) सामाजिक एवं गैर सरकारी संघ संस्था तथा संचार माध्यमहरुको समेत सहयोग लिई गाउँपालिकाले विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(४) विपद्को समयमा विस्थापित भएका परिवारहरुलाई पहिचान गरिएका खुल्ला क्षेत्रहरुमा सुरक्षित अस्थायी आवासको व्यावस्था मिलाउने ।

**७) आपतकालीन उद्धार तथा राहत वितरण :**

(१) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ५०,०००/ (अक्षरेपी पचास हजार मात्र) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराइनेछ ।

(२) विपद्बाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन समेत नोक्सानी भई तत्काल गुजाराको आवश्यक व्यवस्था गर्नको लागि विपद् व्यवस्थापन कोष सन्चालन समितिको

सिफारिसमा अधिकतम रु. ५०,०००/, आंशिक रुपमा घर क्षति भए तत्काल मर्मतको लागि रु.२५,००० उपलब्ध गराइनेछ।

(३) विपद्को घटनामा परी घाइते हुनेहरुलाई उपचारका लागि अस्पताल लैजान तथा ल्याउन सहयोग स्वरुप प्रति व्यक्ति रु १५,०००/ यातायात खर्च दिइनेछ। अङ्गभङ्ग भएको खण्डमा दफा (७) को उपदफा (४) बमोजिमको मात्र राहत सहयोग उपलब्ध गराइनेछ।

(४) प्राकृतिक प्रकोप वा मानव सिर्जित प्रकोपको कारण पीडित गम्भीर प्रकृतिको अङ्गभङ्ग भएमा ( शरीरको हात ,खट्टा , आँखा , कान जस्ता अंगले पूर्णरुपमा काम गर्न नसक्ने) विपद् कोष सञ्चालन समितीको सिफारिसमा प्रति व्यक्ति रु १,००,०००।०० (अक्षरेपी एक लाख मात्र) राहत सहयोग उपलव्ध गराइने छ।

**स्पस्टीकरण**ः माथि उल्लेख गरिएको उपदफा १, २, ३ र ४ बमोजिमको सवै प्रकारका घटना एकै साथ घटेको पाइएमा मृतकको संख्या वाहेक अधिकतम प्रति परिवारलाई एक पटकको लागि रु १,५०,०००।०० ( अक्षरेपी एक लाख पचास हजार मात्र ) राहत स्वरुप उपलब्ध गराइने छ।

(५) दफा (७) को उपदफा १, २, ३ र ४ बमोजिमको रकम प्रदान गर्दा विपद् व्यवस्थापन कोष सञ्चालन समितिको बैठकले आवश्यक कागजात तथा प्रमाण हेरी निर्णय गरे पश्चात पीडित पक्षलाई उपलब्ध गराइनेछ र समितिले गरेका निर्णयहरुको अनुमोदन मैवाखोला गाउँ कार्यपालिकामा गराउनुपर्नेछ।

(६) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी आवश्यक सहयोग र समन्वय गर्ने।

(७) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सर्जिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ। मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ।

**८) अनुगमन तथा प्रतिवेदन सम्बन्धमा :**

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिकाबाट अनुगमन गरिनेछ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ।

९)**संशोधन तथा परिमार्जन सम्बन्धमा :**

(१) गाउँपालिका विपद् व्यवस्थापन कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिका बाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

मैवाखोला गाउँपालिका

**१०) खारेजीः**

१) कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नभएमा गाउँ कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

२) दफा (१०)को उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

३) "विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" लागु भए सँगै "विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४" खारेज गरिएको छ ।

**११) बचाउः**

१) यस अघि भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

मैवाखोला गाउँपालिका